Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

**मुलुकी दैनिकको भदौ महिनाको मासिक शुल्क बुझाउने जरुरी सुचना**

मुलुकी दैनिक पत्रिकाको भदौ महिनाको मासिक शुल्क रु २०० दुई सय बितरकलाई पठाईदिन हुन जरुरी सुचना । थप जानाकारीको लागि ९८४२९८५१८८

■ बर्ष-१७, ▶▶ अंक १६ असोज ६ गते बुधबार,२०७८, September–22 Wednesday 2021 ,यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# बिप्लव नेकपाको जिल्ला कार्यालय

**मुलुकी संवाददाता**
**उदयपुर, असोज ५**

फगुवामा परेपछि व्यापक संगठिन बिस्तार अभियानमा लागिकौं नेत्रविक्रम चन्द (बिप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अहिले उदयपुरले गाईघाटमा जिल्ला पार्टी कार्यालय खोलेको छ ।

अहिलेसम्म बिभिन्न होटल र सभाहलहरुमा कार्यक्रम गर्दै आएको पार्टीले संविधान दिवसका दिन पारेर असोज ३ गते त्रियुगा नगरपालिका ११ गाईघाटको शान्तिनगरमा पार्टी कार्यालय खोलेर सञ्चालनमा ल्याएको हो । मदन भण्डारी लोकमार्गसँग जोडिएको गाईघाट साकेलाटोल जाने सडकमा कन्चनजंघाहोटलभन्दा




केहीमाथिको तीनतले भवनको दोस्रो तलामा पार्टीले जिल्ला कार्यालय स्थापना गरेको हो ।

पार्टी जिल्ला सेक्रेटरी लक्ष्मण पौड्यालले पार्टी कार्यालय उद्घाटन गर्दै नेपालको संविधान काम नलाग्ने भएकाले अर्को संविधान बनाउने दिसामा नेकपा लागेको बताए ।पार्टी कार्यालय सेक्रेटरी दुर्गा तामाङका अनुसार भवनको दोस्रो तलामा एउटा सभाकक्ष र ३ वटा कोठा रहेको प्लाईट भाडामा लिएर कार्यालय सञ्चालनमा ल्याइएको छ। पार्टी रजनबर्गीय संगठनहरुका नियमित गतिबिधि अव त्यही कार्यालयबाट सञ्चालन गर्ने उनले बताए । कार्यालय उद्धाटनपछि नेकपाले पत्रकार सम्मेलन गरी पार्टी गतिबिधि र आगामी कार्ययोजनाबारे जानकारि गराएको जनाएको छ ।

पत्रकार सम्मेलनमा एकीकृत जनक्रान्तिको नारा लिएर अघि बढेको पार्टी वैज्ञानिक समाजबाद स्थापनाका लागि देशव्यापी अभियान चलाईरहेको जानकारी दिएको थियो ।

# डा. खड्का परराष्ट्रमन्त्री बन्दै

**मुलुकी संवाददाता**
**बेलका, असोज ५**



उदयपुरबाट प्रतिनिधिसभामा निर्वाचित सांसद डा. नारायण खड्का परराष्ट्रमन्त्री हुने भएका छन्। नेपाली काँग्रेसको तर्फबाट प्रतिनिधिसभा उदयपुर क्षेत्र नं. १ बाट निर्वाचित डा. खड्कालाई प्रधानमन्त्री शेरबहादुर देउवाले पर राष्ट्रमन्त्री बनाउन लागेका हुन् ।

देउवा नेतृत्वमा गठित नेपाली काँग्रेस, नेकपा (माओबादी केन्द्र), जनता समाजबादी पार्टी, नेकपा (एकीकृत समाजबादी) र राष्ट्रिय जनमोर्चाको संयुक्त गठबन्धनको सरकारमा डा. खड्का मन्त्री बन्न लागेका हुन्। तत्कालीन केपी ओलीलाई प्रधानमन्त्रबिाट बिस्थापित गर्दै देउवा असार २९ गते गठबन्धन सरकारको प्रधानमन्त्री बनेका थिए । उनको नेतृत्वमा काँग्रेसबाट बालकृष्ण खाँड गृह, ज्ञानेन्द्र कार्की कानुन तथा उमेश श्रेष्ठ स्वास्थ्य र ाज्यमन्त्री छन् । देउवा नेतृत्वमा माओबादीबाट पम्फा भुसाल उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री र जनार्दन शर्मा अर्थमन्त्री छन् । प्रधानमन्त्री भएको २ महिना नाघिसक्दा पनि मन्त्रीमण्डलले पूर्णता नपाएको भन्दै देउवाको चर्को आलोचना भईरहेको छ । मन्त्रीमण्डाललाई पूर्णता दिन खोजे पनि राजनीतिक दल विभाजसम्बन्धी ल्याइएको अध्यादेशका कारण पार्टी फुट्ने डरले दलहरुले त्यो हिम्मत गर्न सकिरहेका छैनन् ।

माओबादी, जसपा, एकीकृत समाजबादी, लोकतान्त्रिक समाजबादी र जनमोर्चाबाट पनि छिट्टै मन्त्रीमण्डलमा नाम पठाउने विषयमा छलफल भईरहेको बताइएको छ ।

## मुलुकी दैनिकको नयाा विज्ञापन दर

**मुलुकी दैनिक**मा मिति: ०७५ साउनदेखि तपसिल बमोजिम विज्ञापन दर कायम गरिएको व्यहोरा पाठक/विज्ञापनदाता/ग्राहक महानुभावमा जानकारी गर इन्छ ।

| | | |
|---|---|---|
| **आवरण पृष्ठ** | **आधा:** | रु. २०,०००/- |
| ,, | ,, चौथाई | रु. १२,५००/- |
| ,, | ,, एयर प्यानल | रु. ५,०००/- |
| ,, | प्रति सेमिकोलम | रु. ३००/- |
| **भित्रि पृष्ठ पूरा:** | | रु. २५,०००/- |
| ,, | ,, आधा | रु. १५,०००/- |
| ,, | ,, चौथाई | रु. ८,०००/- |
| ,, | ,, प्रति सेमिकोलम | रु. २००/- |
| **अन्तिम पृष्ठ पूरा** | | रु. ३०,०००/- |
| ,, | ,, आधा | रु. १८,०००/- |
| ,, | ,, चौथाई | रु. १०,०००/- |
| ,, | ,, प्रति सेमिकोलम | रु. २५०/- |

मुलुकी दैनिक



Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



सम्पादकीय...

## उदयपुरको महिला फटबल टिमलाई कसले हेर्ने ?

नेपालि महिला फुटबल टिममा उदयपुर जिल्लाको महिला फुटबल टिमको पनि नाम आउने गरेको छ। राष्ट्रिय महिला फुटबल प्रतियोगिता २०७७ मा उदयपुरको चोउदन्दी महिला फुटबल टिमको नाम अगाडि आउँछ। जिल्ला लिग हुँदै चोउदन्दीगढी महिला फुटबल टिमले २०७६ साल असार ४ गते बुधबार शसस्त्र प्रहरी को खेल मैदान हलचोकमा भएको खेलमा चोउदन्दी नगर ७ - पोखरा महानगर -० । दोस्रो खेल २०७६ असार ५ गते बिहिबार चोउदन्दी नगर५ - हेटौंडा उपमहानगर पालिका - २ ।

तेस्रो खेलमा चोउदन्दीले बिरेन्द्रनगर नगरपालिका सुर्खेतलाई हराएको थियो । त्यस्तै अन्तिम खेल २०७६ साल असार ९ गते सोमबार चोउदन्दी २ - कावासोती नगरपालिका नबलपरासी - ० । समूह चरण को चार वटै खेल जितेर सेमिफाइनलम प्रबेश गरेको खेलमा उदयपुरको चोउदन्दीगढी नगरपालिका उत्साहाका साथ राष्ट्रिय महिला फुटबल प्रतियोगितामा भाग लिएको थियो। २०७७ साल माघ ७ गतेदेखी फागुन ७ गते सम्म एक महिना भएको प्रतियोगितामा उदयपुर को चोउदन्दी महिला फुटबल टिमले चौदण्डीगढी - ० पुलिस - ६ चौदण्डीगढी - १ चन्द्रपुर - ७ चौदण्डीगढी - ० वालिङ - १० चौदण्डीगढी - ० बिराटनगर - ६ चौदण्डीगढी - ० एपिएफ - २२ चौदण्डीगढी - ० आर्मी - १२ चौदण्डीगढी - ० आर्मी - ९ चौदण्डीगढी - ० एपिएफ - ९ चौदण्डीगढी - १ वालिङ - ७ चौदण्डीगढी - १ बिराटनगर - २ चौदण्डीगढी - १ चन्द्रपुर - २ चौदण्डीगढी - ० पुलिस - १० १२ खेलमा ४ गोल गर्दै एक सय ६ गोल खायो । यो बर्ष हुने राष्ट्रिय महिका लिग २०७८ मा भाग लिनको लागि उदयपुरले पहिले जिल्ला लिग खेल्नुपर्ने हुन्छ ।

त्यसपछी नगरपालिका स्तरिय उपमेयर कप फुटबल खेल खेलेर छनोट खेल पार गर्दै राष्ट्रिय लिगमा भाग लिन पाउनेछ । यसको लागि अहिले सम्म कुनै तयारी भएको छैन । स्थानिय तहले उदयपुर जिल्लाको महिला फुटबल खेलको बिकास को लागि कुनै पहल र रकम बिनियोजन गरेको छैन । आफ्नो गाउँ, जिल्ला र देशको झण्डा विश्व सामु चिनाउने महिला फुटबल खेलाडीहरुको निम्ति प्रोत्साहन स्वरुप कुनै काम गरेको पाइदैन। उदयपुर जिल्लाको महिला फुटबल खेलमा लगानी गर्ने हो भने राम्रो नतिजा ल्याउने अबसर छ ।यसको लागि स्थानिय तहले खेलाडिको मर्म, भावना, आबश्यक्ता बुझेर लगानि गर्न आबश्यक छ ।यदि लगानी गरिएन भने सकारात्मक नतिजाको आशा गर्नु बेकार छ। बिना लगानि प्रतियोगिता मा भाग मात्र लिन जानू बेकार र समयको बर्बादी मात्र हुनेछ। यसको लागि अहिले नै बेलैमा लगानी बढायर खेलाडिलाइ होउशला, प्रोत्साहन स्वरुप लगानि गरी राष्ट्रिय लिग मा सहभागी गराउनु पर्दछ ।

## गाईघाट बजारमा असोज ४ गते सोमबार खुद्रा तरकारी बजार भाउ ।

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १४, कटहर | रु ४० |
| २, अदुवा | रु १२० | १५, काँका | रु ५० |
| ३, टमाटर | रु ४० | १६, धनियाँ | रु १०० |
| ४, बन्दा | रु ४० | १७, लोकल बोडी | रु १४० |
| ५, भेन्टा | रु १०० | १८, खर्बुजा | रु ४० |
| ६, खुर्सानी | रु १६० | १९, रायो साग | रु २०० |
| ७, मुला | रु ६० | २०, लट्टे साग | रु १२० |
| ८, पर्बल | रु १०० | २१, प्याज | रु ६० |
| ९, तितेकरेला | रु १०० | २२, निगुरो | रु ६० |
| १०, भिन्डी | रु ६० | २३ दुध | रु. ७० |
| ११, च्याउ | रु २४० | २४, दही | रु ९० |
| १२, काउली | रु १६० | २५, मोही | रु ५० |
| १३, फर्सी | रु ५० | २६, घ्यु | रु ७०० |
| | | २७, राँगाको मासु | रु ४०० |

# थारु समुदायले जितीया महोन्सव मनाउने

मुलुकी संवाददाता
उदयपुर, असोज ५

उदयपुरमा थारु समुदायले यसवर्षको जितीया पर्व धुमधामसँग मनाउने भएको छ । थारु समुदायको महत्वपूर्ण पर्वको रुपमा मनाइदै आएको जितीया यसवर्ष सदरमुकाम गाईघाटस्थित थरुहट उदयपुर रंगशालामा असोज १३ गतेका दिन भव्यरुपमा मनाउन लागिएको हो ।

'गाइघाट थरुहट रंगशाला जाउ जितिया महोत्सवमा रमाऔं' भन्ने नाराका साथ आयोजित जितीया महोत्सव २०७८ मा बृहद साँस्कृतिक कार्यक्रम आयोजना गरिने भएको छ । महोत्सवमा राष्ट्रिय साथै स्थानीय कलाकारहरुको बेजोड प्रस्तुतिका साथै जिल्लास्तरीय नाचगान प्रतियोगितासमेत आयोजना गरिने छ ।

नाचगान प्रतियोगितामा हभागी हुनका लागि आयोजक समितिले इच्छुक सबैलाई आग्रहसमेत गरेको छ । प्रतियोगितामा सहभागी हुन चाहनेहरुले टिमको नाम दर्ता गर्नका लागि बिबिभन्न सम्पर्क व्यक्ति र स्थानहरुसमेत तोकेका छन् । जस अनुसार त्रियुगा नगरपालिका मोतिगडास्थित फुडल्याण्ड होटलमा सम्पर्क गर्न भनिएको छ ।

थारु कल्याणकारीणी सभा त्रियुगा नगर कमिटीको आयोजनामा हुन लागेको प्रतियोगितामा भाग लिन चाहनेले कृष्णकुमार चौधरीलाई ९६०७७६६२५ मा सम्पर्क गर्न सक्नेछन् भने सन्जय चौधरीलाई ९०१९२०५८५ मा । त्यस्तै श्रवणकुमार चौधरीलाई ९४३६४०८७ र बेचुदास चौधरीलाई ९८१५७७९८६४ मा सम्पर्क गरेर प्रतियोगिहरुले आफ्नो नाम टिपाएर स्थान सुरक्षित गर्न सक्नेछन् ।















| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट-रुपनी | १५९.८६ |
| गाईघाट-राजबबीराज | १८५.०९ |
| गाईघाट-ईटहरी | ३३७.९२ |
| गाईघाट-धरान | ३७१.२० |
| गाईघाट-बीराटनगर | ३८२।७२ |
| गाईघाट-बीर्तामोड | ५३८.४८ |
| गाईघाट-काकडभीठा | ५५६.८० |
| गाईघाट-र्मीचैया | १६८.२७ |
| गाईघाट-कटारी | २५२.४० |
| गाईघाट-ढल्केवर | २६०.८३ |
| गाईघाट-जनकपुर | ३०१.३१ |
| गाईघाट-चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट-पथलैया | ५०४.८२ |
| गाईघाट-बीरगन्ज | ५८०.१० |
| गाईघाट -हेटौडा | ५९६.९९ |
| गाईघाट -नारायणघाट | ७४०.४२ |
| गाईघाट- काठमाण्डौं | ११०३९.७ |
| गाईघाट -पोखरा | १०९०.२१ |
| गाईघाट-जलजले चुहाडे | ४४.८० |
| गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-होक्से | ७६.८० |
| गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-कौवाई | ११५.२० |

# काग्रेस वडासभापतिको सबैध काठका फर्निचर बरामद

मुलुकी संवाददाता
उदयपुर, असोज ५



उदयपुरको त्रियुगा नगरपालिका वडा नं १६ सुकौरा बाट अबैध सखुवाको काठबाट बनेको बिभिन्न फर्निचरको सामानहरु पक्राउ परेको छ ।

ति सामानहरु त्रियुगा नगरपालिका वडा नं १६ का काँग्रेस वडासभापति लोक वहादुर राईको रहेको खुलेको छ ।

खाँबु सब डिभिजन बन कार्यालय उदयपुरका बन अधिकृत दिलिप कुमार चौधरीका अनुसार काठ सुकौरा प्रहरी चौकीको गस्ति टोलिले पत्राउ गरेको जनाएको छ ।

पत्राउ परेको काठको सामानहरुमा पाँच थान ढोकाको चौकस र छ थान झ्यालको चौकस रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रही नायव उपरीक्षक (डिएसपी) बेदप्रसाद गौतमले जानकारी दिए ।

डिएसपी गौतमका अनुसार अहिले पत्राउ परेको बाँस र काठको सामानहरु छलफलको लागि डिभिजन बन कार्यालय उदयपुर गाईघाटमा झिकाईएको छ ।

पक्राउ परेको सामानहरु त्रियुगा नगरपालिका ५ देउरी स्थित बालुटार लाने क्रममा पत्राउ परेको प्रहरीले जनाएको छ । काठ बाँसले छोपेर ट्याकटरबाट लाने क्रममा पत्राउ परेको थियो ।
















Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# राम्रो प्रदर्शनका बावजुद नेपाल बाहिरियो

बिबेक राई

**काठमाडौं,असोज ५**

एएफसी महिला एशियन कप छनौटमा नेपालले राम्रो प्रदर्शन गर्नुका बावजुद छनौट चरणबाटै बाहिरिएको छ । उज्बेकिस्तानको राजधानी तास्केन्टस्थीत जेएआर रंगशालामा मंगलबार हङकङसँग गोलरहित बराबरी खेलेसँगै नेपाल छनौट चरणबाटै बाहिरिएको हो। नेपाली टोलीका प्रशिक्षक फिलिप्स ग्यारीले आफूभन्दा २६ स्थान माथिको बलियो हङकङविरुद्ध ४-३-३ को आक्रमक रणनीति अपनाएका थिए। नभन्दै नेपालले विगतको तुलनामा निकै राम्रो प्रदर्शन पनि गऱ्यो ।


तर नेपाली फुटबलमा पुरुष होस् वा महिला टोली खेल एकदम राम्रो खेल्ने तर फिनिसिङमा चुक्ने गरेको पुरानो बानीजस्तै मंगलबारको खेलमा पनि नेपालले फिनिसिङ दिन सकेन । आफूभन्दा बलियो हङकङविरुद्ध खेल अवधिभर धेरै समय बल नियन्त्रणमा लिन सफल भएपनि गोल गर्न सकेन । बलियो हङकङ भने आफूभन्दा तलको नेपालसँग नराम्रो खेलेरपनि अघिल्लो चरण पुग्ने मौका जिवितै राख्न सफल भयो। अब हङकङले यहि शुक्रबार फिलिपिन्ससँगको खेलमा जित हातपारे अघि बढ्न सक्छ ।

उसो त नेपालले हङकङलाई गोलरहित बराबरीमा रोक्नुपनि पनि नेपालको लागि ठुलो सफलता हो किनकि हङकङले पहिलोपटक नेपाललाई हराउन सकेन। नेपाल र हङकङको पहिलो भेट १९८६ को १४ डिसेम्बरमा एएफसी महिला च्याम्पियनसिपमा भएको थियो। त्यतिबेलाको छैँटौं संस्करणको आयोजक हङकङले नेपाललाई समुह बी मा १-० ले पराजित गरेको थियो । यो खेल नै नेपाली महिला फुटबल टोलीको पहिलो अन्तरार्ष्ट्रिय खेल थियो । त्यतिबेला समुह बी बाट नेपाल र हङकङ अघि बढ्न नसकेपनि थाइल्याण्ड र इण्डोनेशिया समुहको विजेता र उपविजेता हुँदै अघि बढेको थियो । पछि थाइल्याण्ड र इण्डोनेशिया प्रतियोगिताको तेस्रो र चौथो टोली बनेको थियो। त्यसपछि आएर नेपालको हङकङसँग १९९ को सातौँ संस्करणमा भेट भएको थियो। यतिबेला पनि हङकङ नै आयोजक थियो र दुवै टोली फेरिपनि समुह बी मा नै परेको थियो । १ डिसेम्बरको दिनमा हङकङले ३-० को फराकिलो जितहात पारेको थियो ।

यस समुहमा जापान र इण्डोनेशिया पनि थियो। जापान र हङकङ समुह विजेता र उपविजेता हुँदै अघि बढेर प्रतियोगिताको तेस्रो र चौथो बन्न सफल भएका थिए। त्यसपछि आएर बल्ल हङकङ र नेपालको तेस्रोपटक भेट भएको थियो । यसपटक भने नेपालले निकै राम्रो खेल्दै हङकङलाई गोलरहित बराबरीमा रोक्न सफल भयो । यो नै नेपालको हङकङविरुद्धको सबैभन्दा राम्रो नतिजा हो । हङकङले भने नेपालविरुद्ध माथिल्लो स्तरको भएरपनि यसपटक माथिल्लो स्तरको खेल पस्कन सकेन ।

बरु उल्टै नेपालले पाएका अवसरहरु सदुपयोग गर्न सकेको भए ऐतिहाँसिक जित रच्न सक्थ्यो। फिफा वरियतामा नेपाल १०१ औं स्थानमा छभने हङकङ ७६ औँ स्थानमा छ । बराबरीले एक अंकमात्र भएको नेपाल समुह एफ बाट बाहिरिएको छ । यसअघि शनिबार भएको समुहको पहिलो खेलमा नेपाल फिलिपिन्ससँग २-१ ले स्तब्ध भएको थियो। त्यतिबेला नेपालले निर्धारित ९० मिनेटसम्म एक गोलको अग्रता लिइराखेको भएपनि अन्तिम केहि सेकेण्ड सम्हालिन नसक्दा दुई गोल खाएर स्तब्ध हुनुपरेको थियो ।

अब फिलिपिन्सले समुह चरणमाको अन्तिम खेलमा हङकङसँग बराबरीमात्र गसेनि अर्को वर्ष भारतमा हुने प्रतियोगिताको लागि छनौट हुनेछ। छनौटको लागि भाग लगाइएको आठ समुहका समुह विजेता सोझै छनौट हुनेछन् भने चार टोली अघाडि नै छनौट भइसकेका छन् । आयोजकको नाताले भारत छनौट भइसकेको छभने बाँकी छनौट हुने तीन टोलीमा २०१८ को गत संस्करपमा पहिलो, दोस्रो र तेस्रो हुने जापान, अष्ट्रेलिया र चीन हुन् ।













माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट